मिति: २०८३/०३/२२

**शैक्षिक परामर्श सेवा,पूर्व तयारी कक्षा तथा भाषा शिक्षणसम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्थाहरूलाई संस्था नवीकरण गराउनेसम्बन्धी शिक्षा तथा खेलकुद मन्त्रालयको अत्यन्त जरुरी सूचना:-**

शिक्षा तथा खेलकुद मन्त्रालयबाट शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ बमोजिम शैक्षिक परामर्श सेवा / पूर्वतयारी कक्षा / भाषा शिक्षणसम्बन्धी कार्य गर्न स्वीकृति प्राप्त गरी यस मन्त्रालयको कम्प्युटर एप्लिकेसनमा आवद्ध भएका संस्थाहरूलाई आ. व. २०८३/८४ का लागि नवीकरण गर्न **मिति २०८३ असार २२ गतेदेखि साउन ४ गतेभित्र cims.moest.gov.np** मार्फत निवेदन गर्न आह्वान गरिएको बेहोरा सम्बन्धित सवैमा सूचित गरिन्छ । तोकिएको म्याद नाघेर प्राप्त हुने निवेदन उपर कुनै कारवाही नहुने र नवीकरण नभएको संस्थालाई आ. व. २०८३/८४ का लागि सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाको सूचीमा समावेश नगरिने बेहोरासमेत जानकारी गराइन्छ ।

<u>आवश्यक कागजात र अनलाइन एप्लिकेशन फाराम भर्नेसम्बन्धी जानकारी:</u>

१) आ.व २०८१/८२ सम्मको कर चुक्ता प्रमाण पत्र,लेखा परीक्षण प्रतिवेदन र कम्पनी अद्यावधिक,

२) आ.व २०८२/८३ मा गरेको बार्षिक कामको विवरण (सेवा उपलब्ध गराएका विद्यार्थीहरूको देश, तह र संस्थागत विवरणसमेत )

३) मन्त्रालयले दिएको स्वीकृति पत्र र अन्तिम नवीकरण पत्रको प्रतिलिपि,

४) शाखा कार्यालय सञ्चालन गरेको भए आन्तरिक राजश्व कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय वा स्थानीय तहमा पेसा व्यवसाय दर्ता भएको प्रमाण र घरभाडा सम्झौता ,

५) आधिकारीक प्रतिनिधि भएका मुलुकहरूको विवरण र प्रतिनिधि पत्र,

६) शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ ले तोके बमोजिम एप्लिकेसनमा राखिएका अन्य कागजातहरू ।कम्पनी सञ्चालक तथा शेयरहोल्डरहरू परिवर्तन भएको भए सोको विवरण/ कागजात अनिवार्य रूपमा अपलोड गर्नुपर्ने छ,

७) आफ्नो युजर आइडी, संस्थाको नाम र पासवर्ड राखेर साइनइन गर्ने ।पासवर्ड भुलेमा फरगेट पासवर्ड गर्ने । OTP संस्थाले सिस्टममा उपलब्ध गराएको इमेलमा प्राप्त हुनेछ । त्यसबाट पासवर्ड रिसेट गर्नुपर्नेछ,

८) एप्लिकेसनमा कागजात अपलोड गर्दा स्पष्ट बुझिने गरी PDF फायल बनाएर अपलोड गर्नुपर्नेछ,

९) एप्लिकेसनमा सबै कागजात र विवरण भरिसके पछि रुजु गरेर सवमिट गर्नु पर्ने छ । त्यसपछि मन्त्रालयबाट भेरिफाई हुनेछ । भेरिफाई भएपछि मात्र अनिवार्य रूपमा सिस्टममै सिर्जना भएको भौचर मार्फत सिस्टमबाटै राजस्व रकम तिर्नु पर्नेछ ।अन्य विधिबाट तिरेको राजस्व प्रणालीमा नदेखिने हुदा मान्य हुने छैन,

१०) राजस्व रकम आ व २०८२/८३ देखी रु २०,०००।०० कायम भएको छ । सोभन्दा अघिल्ला आर्थिक वर्षहरूका लागि वार्षिक रु ३०००।०० का दरले बुझाउनु पर्नेछ,

११) कुनै पनि विवरण त्रुटीपूर्ण भरी सिर्जना हुने समस्या प्रति संस्था स्वयम् जिम्मेवार हुनु पर्नेछ ।

नोटः अनलाईन एप्लिकेसन फाराम भर्ने सम्बन्धमा कुनै समस्या भएमा मन्त्रालयको सानोठिमीस्थित शाखाको फोनं नं. ०१६६३०९०७ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

सेमन्तराज कोइराला
उपसचिव